# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रको स्थलगत अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०६७/६८)


नेपाल राष्ट्र बैंक

**अनुसन्धान विभाग**

**आर्थिक विकास शाखा**

बालुवाटार, काठमाण्डौ ।


२०६८ मंसिर

नेपाल राष्ट्र बैंक, अनुसन्धान बिभागले आर्थिक वर्ष २०६८/६९ देखि कार्यान्वयनमा ल्याएको "उपत्यका बाहिरका कार्यालयहरुद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्य सम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४१ जिल्लाहरुको स्थानीय आर्थिक तथा वित्तीय गतिविधि सम्बन्धी स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत प्रतिवेदन तयार गरिएको छ ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरू** |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रे, धादिङ्ग र नुवाकोट |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी र उदयपुर |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ्ग, बाग्लुङ्ग र पर्वत |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ्ग र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर र डडेलधुरा |

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **सारांश** | १ |
| **परिच्छेद १ कृषि क्षेत्र** | **२-६** |
| १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | २ |
| १.२ कृषि उत्पादन | २ |
| १.३ सिँचाइ स्थिति | ४ |
| १.४ क्षेत्रगत कृषि लगानी स्थिति | ५ |
| १.५ कृषि उत्पादनको परिदृश्य | ५ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | **६-८** |
| २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति | ६ |
| २.२ क्षेत्रगत औद्योगिक लगानी स्थिति | ७ |
| २.३ औद्योगिक उत्पादन परिदृश्य | ७ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | **८-११** |
| ३.१ पर्यटन उद्योग | ८ |
| ३.२ सार्वजनिक निर्माण, घरजग्गा तथा रियलस्टेट | ९ |
| ३.३ वित्तीय सेवा | ९ |
| ३.४ यातायात तथा संचार | १० |
| ३.५ शिक्षा तथा स्वास्थ्य | ११ |
| **परिच्छेद ४ चुनौतीहरू** | **११-१३** |
| ४.१ कृषि क्षेत्र | ११ |
| ४.२ उद्योग क्षेत्र | १२ |
| ४.३ सेवा क्षेत्र | १२ |
| ४.४ पूर्वाधार क्षेत्र | १३ |
| ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार | १३ |
| **तालिका तथा अनुसूचीहरू** | |

# तालिका तथा अनुसूचिहरु

**तालिका नं.**


१.१ प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल
१.२ अध्ययन क्षेत्र अनुसार प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल
१.३ जिल्ला अनुसार प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल
२.१ प्रमुख कृषि बालीहरूको उत्पादन
२.२ अध्ययन क्षेत्र अनुसार प्रमुख कृषि बालीहरूको उत्पादन
२.३ जिल्ला अनुसार प्रमुख कृषि बालीहरूको उत्पादन
३.१ प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन
३.२ अध्ययन क्षेत्र अनुसार प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन
३.३ जिल्ला अनुसार प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन
४.१ सिँचाइ सुविधामा भएको बिस्तार
४.२ अध्ययन क्षेत्र अनुसार सिँचाइ सुविधामा भएको बिस्तार
४.३ जिल्ला अनुसार सिँचाइ सुविधामा भएको बिस्तार
५.१ कृषि कर्जा लगानी स्थिति
५.२ अध्ययन क्षेत्र अनुसार कृषि कर्जा लगानी स्थिति
५.३ जिल्ला अनुसार कृषि कर्जा लगानी स्थिति
६.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग
६.२ अध्ययन क्षेत्र अनुसार प्रमुख उद्योगहरूको क्षमता उपयोग
७.१ औद्योगिक उत्पादन स्थिति
७.२ अध्ययन क्षेत्र अनुसार औद्योगिक उत्पादन स्थिति
७.३ जिल्ला अनुसार औद्योगिक उत्पादन स्थिति
८.१ औद्योगिक कर्जा लगानी स्थिति
८.२ अध्ययन क्षेत्र अनुसार औद्योगिक कर्जा लगानी स्थिति
८.३ जिल्ला अनुसार औद्योगिक कर्जा लगानी स्थिति
९.१ पर्यटन स्थिति
९.२ अध्ययन क्षेत्र अनुसार पर्यटन स्थिति
९.३ जिल्ला अनुसार पर्यटन स्थिति
१०.१ घरजग्गा तथा रियलस्टेट
१०.२ अध्ययन क्षेत्र अनुसार घरजग्गा तथा रियलस्टेट
१०.३ जिल्ला अनुसार घरजग्गा तथा रियलस्टेट

क(अ) बैंक तथा वित्तीय संस्थाका शाखाहरु
क(आ) निक्षेप तथा कर्जा स्थिति
क(इ) मनिचेञ्जर तथा विदेशी मुद्रा सटहीको अनुमति प्राप्त एजेन्सीहरु
ख(अ) फण्ड ट्रान्सफर
ख(आ) विदेशी मुद्रा खरिद विवरण
ख(इ) भारतीय मुद्रा खरिद बिक्री विवरण

अनुसूची क यातायात सेवा
अनुसूची ख संचार सेवा
अनुसूची ग शिक्षा सेवा
अनुसूची घ स्वास्थ्य सेवा
अनुसूची ङ काठमाण्डौ उपत्यकाको निक्षेप तथा कर्जा सम्बन्धी विवरण

# ***सारांश***

१. आर्थिक वर्ष २०६७/६८ मा अध्ययनमा समेटिएका जिल्लाहरुको **समग्र कृषि क्षेत्रको अवस्था सन्तोषजनक रहेको छ** । समीक्षा अवधिमा कृषि उपजले ढाकेको भूक्षेत्र, खाद्यान्न एवं अन्य बाली लगायत पशुजन्य उत्पादन वृद्धि भएको छ । प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादन ९ प्रतिशतले, मकैको ८ प्रतिशतले, गहुँको ९ प्रतिशतले र कोदोको उत्पादन २ प्रतिशतले वृद्धि भएको छ** । त्यस्तैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **कृषि कर्जा लगानीमा वृद्धि भएको छ** ।

२. समीक्षा अवधिमा अध्ययन क्षेत्र अन्तर्गत **तथ्याङ्क संकलन गर्न तोकिएका उद्योगहरुले औषतमा ५४ प्रतिशत उत्पादन क्षमता उपयोग गरेका छन्** । समीक्षा अवधिमा वनस्पती घ्यू तथा तेल, दूग्ध पदार्थ, अन्न तथा खाद्य पदार्थ, पेय पदार्थ आदिको उत्पादन बढेको छ भने चुरोट, लत्ता कपडा, धातुका उपकरण आदिको उत्पादनमा ह्रास आएको छ । त्यस्तैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा लगानीमा वृद्धि भएको छ** ।

३. समीक्षा अवधिमा सेवा क्षेत्र अन्तर्गत **पर्यटन उद्योगको अवस्था सन्तोषजनक रहेको छ भने रियल स्टेट तथा सार्वजनिक निर्माणको स्थितिमा भने शिथिलता आएको छ** । वित्तीय सेवा अन्तर्गत निक्षेप तथा कर्जा परिचालन, वित्तीय सेवाको पहुँच, बैंक शाखा लगायतका वित्तीय सेवाका प्रमुख परिसूचकहरुलाई विश्लेषण गर्दा अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा केही सुधार भएको छ । त्यस्तैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रमा **यातायात, संचार तथा शिक्षा सेवा सुविधामा विस्तार भएको छ** ।

४. स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार **उन्नत विउ/विजन, रासायनिक मल, आधुनिक प्रविधि, सिंचाई सुविधा, कर्जा लगायत कृषि मजदुरको अपर्याप्त आपूर्ति** कृषि क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् भने **विद्युत कटौती, कमजोर श्रम सम्बन्ध तथा शान्ति सुरक्षाको अभाव** उद्योग तथा सेवा क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

**५.** कृषि, उद्योग तथा सेवा क्षेत्रका गतिविधि सम्बन्धी स्थलगत अध्ययनबाट प्राप्त अघिल्लो वर्षको यथार्थ स्थिति एवं चालु आर्थिक वर्षको परिदृश्य, वर्षे बालीहरुको उत्पादन वृद्धि भएको कृषि तथा सहकारी मन्त्रालयको प्रारम्भिक अनुमान, मुलुकको विद्यमान राजनैतिक अवस्थामा देखिदै गएको सुधारको संकेत, विद्युत आपूर्तिमा हुन सक्ने विस्तार, निर्धारित समयमै जारी गरिएको बजेट कार्यान्वयनको प्रभाव लगायत सञ्चार, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा विस्तारित सरकारी तथा निजी क्षेत्रका गतिविधिहरुका आधारमा **चालु आर्थिक वर्षको समष्टिगत आर्थिक स्थिति गत वर्षको तुलनामा केही सुधार हुने अनुमान गरिएको छ ।**


६. माथि उल्लेखित परिसूचकहरुको आधारमा **आर्थिक वर्ष २०६८/६९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ४.४८ प्रतिशत तथा उत्पादकको मूल्यमा ४.९६ प्रतिशत हुने प्रारम्भिक अनुमान छ** । यसमध्ये कृषि तथा गैह्र-कृषि क्षेत्रको वृद्धिदर क्रमशः ४.७५ प्रतिशत तथा ४.२५ प्रतिशत हुने अनुमान छ ।

परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र** : समीक्षा अवधिमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफलमा १.१६ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस्तो वृद्धिदर ०.५८ प्रतिशत रहेको थियो ।

**(क) खाद्य तथा अन्य बाली** : समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.६७ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफलमा ०.२१ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा भटमास, फापर, आलु, ऊखु, मकै, गहुँ, धान बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने जौ, सुर्ती, तेलहन, दलहन, कोदो तथा सनपाट बालीले ढाकेको क्षेत्रफलमा ह्रास अएको छ।




**(ख) तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ७.२६ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा १०.२५ प्रतिशतले वृद्धि भएको थियो ।

**(ग) फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ४.५७ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ८.१८ प्रतिशतले वृद्धि भएको थियो । खासगरी वीरगञ्ज तथा पोखरा क्षेत्रमा मसला खेतीमा विस्तार भएको कारण समीक्षा अवधिमा यस समूहको भू-क्षेत्रमा वृद्धि भएको हो ।


**(घ)** अध्ययन क्षेत्रका हिसावले कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौ, बीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी क्षेत्रमा वृद्धि भएको छ भने बिराटनगर, जनकपुर र सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ। त्यस्तैगरी, तरकारी तथा बागवानी र फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल अध्ययन गरिएका सवै क्षेत्रमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १.१, १.२ र १.३ मा उल्लेख गरिएको छ।

**१.२ कृषि उत्पादन** : समीक्षा अवधिमा प्रमुख कृषि बालीहरुको कुल उत्पादन ५.१७ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा त्यस्तो वृद्धिदर ३.१४ प्रतिशत रहेको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु धान, मकै, गहुँ तथा कोदोको उत्पादन क्रमश: ९.०३ प्रतिशत, ७.५६ प्रतिशत, ८.७८ प्रतिशत तथा १.७७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष गहुँको उत्पादन ११.१० प्रतिशतले बढेको थियो भने धान, मकै तथा कोदोको उत्पादनमा क्रमश: ८.३८ प्रतिशत, ३ प्रतिशत तथा ६.९६ प्रतिशतले ह्रास आएको थियो । खासगरी समीक्षा अवधिमा अनुकुल मौसमको कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा वृद्धि भएको हो ।

भौगोलिक आधारमा अध्ययन गरिएका सवै क्षेत्रहरुमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन वृद्धि भएको छ । जसमध्ये, धनगढी क्षेत्रमा सवैभन्दा बढी अर्थात् १३.७८ प्रतिशतले बढेको छ भने सवैभन्दा कम विराटनगर क्षेत्रमा ३.३६ प्रतिशतले बढेको छ ।




(ख) **तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ९.७४ प्रतिशतले वृद्धि भएको छ, जुन गत अवधिमा १६.३ प्रतिशतले वृद्धि भएको थियो । मागमा भएको वृद्धिसंगै कृषकहरु वेमौसमी तरकारी खेती तर्फ आकर्षित हुँदै गएको, किटनाषक औषधीको प्रयोगले तरकारी बाली नष्ट हुनबाट जोगिएको एवं हाइव्रिड विउ लगाउने गरेको कारण यस समूहको उत्पादनमा वर्षेनी वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत स्थिति तुलना गर्दा यस समूहको समग्र उत्पादन जनकपुर क्षेत्रमा ह्रास आएको छ भने बाँकी क्षेत्रमा वृद्धि भएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा आँप तथा सुन्तला जातीको उत्पादनमा क्रमश: १७.३७ प्रतिशत र २.३४ प्रतिशतले ह्रास आएको छ । गत अवधिमा आँपको उत्पादनमा सिमान्त ह्रास आएको थियो भने सुन्तलाको उत्पादन ७.३६ प्रतिशतले वृद्धि भएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने तथा समीक्षा अवधिमा कम फल लाग्ने समय परेको कारण आँपको उत्पादनमा उल्लेख्य गिरावट आएको हो । त्यस्तैगरी समीक्षा अवधिमा मसलाको उत्पादन सिमान्त अर्थात् ०.५७ प्रतिशतले वृद्धि भएको छ, जुन गत अवधिमा ८५.४४ प्रतिशतले वृद्धि भएको थियो । अलैंची, अदुवा लगायतका मसलावालीहरुको भू-क्षेत्रमा गत अवधिमा व्यापक विस्तार भई उत्पादनमा समेत उल्लेख्य वृद्धि भएकोमा समीक्षा अवधिमा भू-क्षेत्रको वृद्धिदरमा समेत कमी आएकोले उत्पादन वृद्धिदर घटेको हो ।

अध्ययन क्षेत्रगत स्थिति विश्लेषण गर्दा समग्र फलफूल तथा मसलाको उत्पादन काठमाण्डौ, जनकपुर, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने विराटनगर, वीरगञ्ज, पोखरा तथा धनगढी क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २.१, २.२ र २.३ मा उल्लेख गरिएको छ ।


(घ) **प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन :** समीक्षा अवधिमा दूध तथा मासुको उत्पादनमा क्रमशः ३.१३ प्रतिशत र ९.३८ प्रतिशतले वृद्धि भएको छ भने माछाको उत्पादनमा १३ प्रतिशतले ह्रास आएको छ । गत अवधिमा दूधको उत्पादनमा ७.५९ प्रतिशतले वृद्धि भएको थियो भने माछा तथा मासुको उत्पादनमा क्रमशः ७.४२ प्रतिशत र ३.४९ प्रतिशतले ह्रास आएको थियो । गत वर्ष देखि घर/जग्गा कारोवारमा आएको गिरावटसँगै कारोवार गर्ने हिसावले खरिद गरिएका जग्गाहरुमा समेत व्यावसायिक पोल्ट्री फार्म सञ्चालनमा आएको, वर्डफ्लुको असर कम हुँदै गएको तथा खसी/बोका, भैंसी/राँगा पालनमा किसानहरुको आकर्षण बढ्दै गएकोले मासुको उत्पादनमा वृद्धि भएको हो भने पोखरा क्षेत्रमा माछाको भुरा उत्पादन गर्ने समयमा बाढी आएर भुरा बगाएको र भारतीय बजारबाट सस्तो मूल्यमा माछा आयात हुंदै आएकोले माछाको उत्पादनमा ह्रास आएको हो । त्यस्तै गरी समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रमा काठ तथा औषधीजन्य वस्तुको उत्पादन क्रमशः ४३.४६ प्रतिशत र ६०.०५ प्रतिशतले ह्रास आएको छ भने दाउराको उत्पादनमा २४.४२ प्रतिशतले वृद्धि भएको छ । गत अवधिमा काठ तथा दाउराको उत्पादनमा उल्लेख्य वृद्धि भएको थियो । काठ कटान, जडिबुटी संकलन जस्ता कार्यमा सरकारीस्तरबाटै निरुत्साहित गरिंदै आएकोले यस्ता वस्तुको उत्पादनमा ह्रास आएको हो ।

अध्ययन क्षेत्रगत हिसावले समीक्षा अवधिमा दूध, मासु तथा अण्डाको उत्पादन अध्ययन गरिएका ८ वटै क्षेत्रमा वृद्धि भएको छ । त्यस्तैगरी समीक्षा अवधिमा काठमाण्डौ, विराटनगर, जनकपुर तथा नेपालगञ्ज क्षेत्रमा माछाको उत्पादन बढेको छ भने वीरगञ्ज, सिद्धार्थनगर, पोखरा र धनगढी क्षेत्रमा यसको उत्पादनमा उल्लेख्य ह्रास आएको छ । समीक्षा अवधिमा बनजन्य उत्पादन तर्फ काठको उत्पादन काठमाण्डौ र पोखरा क्षेत्रमा वृद्धि भएको छ भने अन्य क्षेत्रमा उल्लेख्य ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३.१, ३.२ र ३.३ मा उल्लेख गरिएको छ ।

**१.३ सिँचाइ स्थिति :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ४१ जिल्लाहरुको कुल सिंचित क्षेत्रफलमा ३.०८ प्रतिशतले वृद्धि भएको छ, जुन गत अवधिमा ८.८४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.९१ प्रतिशत क्षेत्रफल सिंचित रहेको पाईन्छ । सिंचित क्षेत्रफलमध्ये ३३ प्रतिशत नहर, २२ प्रतिशत कुलो, ७ प्रतिशत बोरिङ्ग तथा ३ प्रतिशत पोखरीबाट सिंचाई गरिएको छ ।

**चार्ट ३ : सिंचाई सुविधामा भएको विस्तार (हजार हेक्टरमा)**



अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा वीरगञ्ज क्षेत्रमा सिंचाई सुविधा पाएका खोतीयोग्य जमिनको क्षेत्रफलमा ह्रास आएको छ भने अन्य क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४.१, ४.२ र ४.३ मा उल्लेख गरिएको छ ।

**१.४ क्षेत्रगत कृषि लगानी स्थिति :** आ.व. २०६७/६८ को अन्त्यसम्ममा तथ्याङ्क सङ्कलन गरिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भई रू. २२ अर्व ८९ करोड पुगेको छ । गत आ.व.मा कृषि कर्जा लगानीमा २५.२२ प्रतिशतले वृद्धि भई रू. १८ अर्व ९२ करोड कायम भएको थियो । समीक्षा अवधिमा यसरी प्रवाहित कुल कर्जामध्ये सबभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवामा ४९ प्रतिशत अर्थात् रू. ११ अर्व २० करोड रहेको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा रू. १८ करोड ५७ लाख रहेको छ ।

त्यस्तैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रबाट प्रवाहित कुल कृषि कर्जामध्ये २७ प्रतिशत काठमाण्डौ, २३ प्रतिशत वीरगञ्ज, १३ प्रतिशत विराटनगर, ९ प्रतिशत धनगढी, ८ प्रतिशत सिद्धार्थनगर, ७ प्रतिशत पोखरा तथा ६/६ प्रतिशत जनकपुर र नेपालगञ्ज क्षेत्रमा लगानी भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५.१, ५.२ र ५.३ मा उल्लेख गरिएको छ ।

**१.५ कृषि उत्पादनको परिदृश्य (Outlook)**

(क) अनुकुल मौसम, उन्नत विउ विजनको प्रयोग एवं रासायनिक मलको वितरणमा भएको वृद्धि लगायतका कारणले आ. व. २०६८/६९ मा धान मकै, कोदो र फापरको उत्पादन क्रमश: १३.७ प्रतिशत, ५.४ प्रतिशत, ४.१ प्रतिशत तथा १३.३ प्रतिशतले वृद्धि हुने कृषि तथा सहकारी मन्त्रालयको प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी कुल ४२ हजार ७ सय ६६ हेक्टर कृषि योग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ बाँके जिल्लामा सञ्चालन गरिएको सिक्टा सिंचाइ आयोजनाको निर्माण कार्य भइरहेकोले चालु आ.व.मा थप भूमिमा सिंचाई सुविधा पुग्ने अनुमान गरिएको छ, जसले गर्दा समग्र कृषि बालीहरुको उत्पादन एवं खेती गरिने भू-क्षेत्रमा समेत वृद्धि हुने सम्भावना छ ।

विश्व बैंक, नेपाल सरकार तथा स्थानीय उपभोक्ता समेतको सहयोगमा धनगढी क्षेत्रमा करिव २५ हजार हेक्टरमा सिंचाई सुविधा उपलब्ध हुने रानी जमरा कुलरीया सिंचाई आयोजना आ.व. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य भैरहेको छ भने बाँके र बर्दिया क्षेत्रका ६० हजार हेक्टर जमिनमा सिंचाइ सुविधा विस्तार गर्ने र ४८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यकासाथ आ.व. २०६८/६९ को बजेट बक्तव्यमा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएकोले हालसम्म बाँध र सुरुङ्ग निर्माण सम्बन्धी सम्पूर्ण डिजाइन सम्पन्न भएको छ र निर्माण कार्य ७ बर्षमा पुरा गर्ने लक्ष्य राखिएको छ ।

कृषि उपजको बढ्दो माग, हाइब्रिड विउ विजनको प्रयोग, कृषकहरुको बढ्दो आकर्षण तथा केही जिल्लामा सहकारीको माध्यमबाट समेत कृषकहरुलाई सहुलियत प्रदान गर्ने विभिन्न कार्यक्रम संचालनमा आएकोले तरकारी तथा बागवानी समूहको उत्पादन बढ्ने अनुमान गरिएको छ । त्यस्तैगरी यस वर्ष आँपको फल लाग्ने वर्ष, नेपालगञ्ज क्षेत्रमा आँपको व्यवसायिक खेतीसमेत थप भएको तथा अन्य फलफूल तथा मसलाको माग वृद्धि हुँदै गएकोले समग्र फलफूल तथा मसलाको उत्पादनमा समेत वृद्धि हुने देखिन्छ ।

(ख) समीक्षा अवधिमा नेपालका विभिन्न स्थानमा कुखुरापालन व्यवसायमा नयाँ फर्महरु संचालनमा आउनुको साथै पशुपालन व्यवसाय प्रति कृषकहरुको आकर्षण बढ्दै गएकोले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

(ग) समीक्षा अवधिमा काठ कटान तथा खोटो लगायका जडिबुटी संकलनमा सरकारीस्तरबाट नै निरुत्साहित गरिएकोले सरकारी नीति परिवर्तन नभएसम्म वनजन्य उत्पादनमा भने वृद्धि हुने अवस्था देखिदैन ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्रले समेटेका उद्योगहरुबाट प्राप्त तथ्याङ्कको आधारमा त्यस्ता उद्योगहरुको औसत क्षमता उपयोग ५४ प्रतिशत रहेको छ, जसमध्ये वियर तथा विजुलीको तारको क्षमता उपयोग सबैभन्दा बढी अर्थात् ८०/८० प्रतिशत रहेको छ भने सबभन्दा न्यून क्षमता उपयोग प्रशोधित छालाको ७.८५ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ६.१ र ६.२ मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पती घ्यू तथा तेल, दूग्ध पदार्थ, अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, विजुलीका उपकरण आदिको उत्पादनमा वृद्धि भएको छ भने सुर्तीजन्य वस्तु, लत्ता कपडा, प्लाष्टिकका सामान, ईंटा, धातुका उपकरण आदिको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा वनस्पती घ्यू तथा तेल समूहको समग्र उत्पादन १४.९३ प्रतिशतले वृद्धि भएको छ भने यसै समूह अन्तर्गत वनस्पती घ्यूको उत्पादन २४.८४ प्रतिशतले ह्रास आएको छ । तेलहन तथा भटमास बालीको उत्पादनमा भएको वृद्धिसँगै तोरीको तेल र भटमासको तेलको उत्पादनमा वृद्धि भएको कारण समग्र उत्पादनमा वृद्धि देखिएको हो । त्यस्तैगरी, अन्न तथा पशुदाना अन्तर्गतका वस्तुहरुको उत्पादन समीक्षा अवधिमा ९४.६८ प्रतिशतले वृद्धि भएको छ भने अन्य खाद्य पदार्थ समूहको उत्पादनमा ७१.८६ प्रतिशतले वृद्धि भएको छ । धानको उत्पादनमा भएको वृद्धिसँगै चामलबाट बन्ने खाद्य पदार्थको उत्पादन बढेको हो भने विस्कुट तथा चिनीको उत्पादनमा भएको वृद्धिका कारण अन्य खाद्य पदार्थ समूहको उत्पादन बढेको हो । समीक्षा अवधिमा पेय पदार्थको उत्पादनमा २३.८५ प्रतिशतले वृद्धि भएको छ, जसमध्ये मदिराको उत्पादन वृद्धिदर ५३.७५ प्रतिशत छ भने वियरको १७.९३ प्रतिशत रहेको छ । मागमा भएको वृद्धिसँगै उद्योगले अधिकतम क्षमतामा उत्पादन गरेकोले यस्तो वृद्धि भएको हो ।


(घ) क्षेत्रगत रूपमा हेर्दा विराटनगर क्षेत्रमा वनस्पती घ्यू तथा तेल, खाद्य पदार्थ, प्रशोधित चिया, धातुका उपकरण आदिको उत्पादन हुने गरेको छ भने जनकपुर क्षेत्रमा चिनी, चुरोट, मदिरा, कागज आदिको उत्पादन हुने गरेको छ । काठमाण्डौमा हल्का पेय पदार्थ, पश्मिना, ऊनी गलैंचा, चाउचाउ आदिको उत्पादन हुने गरेको छ । त्यस्तैगरी वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध, हल्का पेय पदार्थ, चुरोट, लत्ता कपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, ईंटा, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुंको पिठो आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, ईंटा आदिको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ७.१, ७.२ र ७.३ मा उल्लेख गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक लगानी स्थिति

(क) आ.व. २०६७/६८ को अन्त्यसम्ममा तथ्याङ्क संकलनमा समावेश भएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले रू. १ खर्ब ९४ अर्ब ७५ करोड औद्योगिक क्षेत्रमा लगानी गरेका छन् जुन अघिल्लो आ.व.को तुलनामा १०.४६ प्रतिशतले बढी हो । अघिल्लो आ.व.को अन्त्यसम्ममा यस क्षेत्रको लगानीमा २१.९४ प्रतिशतले वृद्धि भएको थियो । आ.व. २०६७/६८ को अन्त्यसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थहरुबाट कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ३३.२० प्रतिशत रहेको छ जुन अघिल्लो वर्ष ३४.६२ प्रतिशत रहेको थियो ।

(ख) समीक्षा अवधिमा उत्पादन, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामान, खानी र निर्माण क्षेत्रमा प्रवाहित कर्जामा क्रमशः २१.५८ प्रतिशत, १८.०३ प्रतिशत ७.६२ प्रतिशत र ३.६१ प्रतिशतले वृद्धि भएको छ भने सेवा उद्योग अन्तर्गत पर्यटन सेवामा प्रवाहित कर्जामा १५.३० प्रतिशतले ह्रास आएको छ ।




(ग) समीक्षामा अवधिमा औद्योगिक कर्जा लगानीमध्ये सबभन्दा बढी अर्थात ५४ प्रतिशत कर्जा उत्पादनमूलक क्षेत्रमा प्रवाहित भएको छ भने सबभन्दा न्यून (२ प्रतिशत) कर्जा खानी शिर्षकमा प्रवाहित भएको छ । गत आ.व.को मौद्रिक नीतिले उत्पादनशील क्षेत्रमा लगानी बढाउन गरेको नीतिगत व्यवस्था एवं उत्पादनमूलक उद्योगमा भएको विस्तारको कारण यस क्षेत्र तर्फको कर्जा लगानीमा वृद्धि भएको हो ।

(घ) अध्ययन गरिएका क्षेत्रहरुको कुल औद्योगिक लगानीमध्ये काठमाण्डौ क्षेत्रमा ६५ प्रतिशत, विराटनगर क्षेत्रमा ९.४ प्रतिशत, वीरगञ्ज क्षेत्रमा ८.६ प्रतिशत, पोखरा क्षेत्रमा ७ प्रतिशत, सिद्धार्थनगर क्षेत्रमा ५ प्रतिशत, जनकपुर क्षेत्रमा ३ प्रतिशत र नेपालगञ्ज तथा धनगढी क्षेत्रमा १/१ प्रतिशत अंश रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८.१, ८.२ र ८.३ मा उल्लेख गरिएको छ ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) औद्योगिक वस्तुहरुको उत्पादन मूलतः उत्पादित वस्तुको बजार एवं लगानीको वातावरणमा निर्भर रहने हुनाले अध्ययन क्षेत्रमा संचालित उद्योगहरुको बजारको प्रचुर संभावनाको बावजुद उद्योगहरुको क्षमता पूर्ण रुपमा उपयोग हुन सकेको छैन । तथापि, अध्ययनमा समेटिएका उद्योगहरुको स्थलगत अध्ययनलाई समेत दृष्टिगत गर्दा चालु आ.व.मा मागमा भएको वृद्धिसंगै उपभोग्य वस्तुहरु जस्तैः खाद्यान्न, चाउचाउ, हल्का पेय पदार्थ, चिनी, विस्कुट, मदिरा, वियर आदिको उत्पादनमा वृद्धि हुने देखिन्छ । सिद्धार्थनगर क्षेत्रमा चालु आ.व.मा २५,००० मे.टन वार्षिक क्षमताको जगदम्बा सिन्थेटिक प्रा. लि. सञ्चालनमा आएको र रुपन्देही जिल्लाको सेमरी गाविसमा वार्षिक उत्पादन क्षमता १५०,००० मे.टनको गोयन्का सिमेन्ट तथा मैनहिया

गाविसमा करिव २५२,००० मे.टन वार्षिक क्षमताको क्लिंकर उत्पादन गर्ने अर्घाखांची सिमेन्टसमेत चालु आ.व. मै सञ्चालनमा आई उद्योगहरु थपिएकोले सिन्थेटिक कपडा तथा सिमेन्टको उत्पादनमा वृद्धि हुने देखिन्छ ।

(ख) त्यस्तैगरी, पश्मिना तथा ऊनी गलैंचा आदिको उपभोग तथा संभावित अन्तर्राष्ट्रिय बजारको अवस्थालाई दृष्टिगत गर्दा चालु आ.व.मा यी वस्तुहरुको उत्पादन वृद्धि हुने सम्भावना देखिन्छ । नेपालमा उत्पादित पश्मिना तथा गलैचाको बजार प्रबर्द्धन, गुणस्तर एवं प्रतिस्पर्धात्मक क्षमताको विद्यमान अवस्थामा सुधार हुन नसेकमा भने आगामी वर्षमा यी वस्तुहरुको उत्पादन एवं निर्यात विस्तार गर्ने कार्य चुनौतीपूर्ण हुने देखिन्छ । यद्यपि, भारतीय वजार गुमाउदै गएको तथा आन्तरिक बजारमा आपूर्ति बढी भएकोले चालु आ.व.मा वनस्पती घ्यूको उत्पादनमा कमी आउने देखिन्छ । निर्यातमा कमी आउनु तथा हरियो पत्तिको उत्पादनमा ह्रासको कारण प्रशोधित चियाको उत्पादन समेत घट्न सक्ने अनुमान छ ।


(ग) मुलुकमा विद्यमान राजनैतिक संक्रमणकालीन अवस्थामा केही सुधार हुने संकेत देखिंदै गएको, श्रम सम्बन्ध, विद्युत आपूर्ति एवं पूर्वाधार बिकास सम्बन्धी समस्याहरु सम्बोधन गर्नेतर्फ सकारात्मक कदम अघि बढ्न थालेकोले मुलुकमा औद्योगिक मैत्री वातावरण सृजना हुनगई समग्र औद्योगिक उत्पादन विस्तारमा सकारात्मक प्रभाव पर्ने संभावना रहेको छ ।

**परिच्छेद ३**

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा अवधिमा अध्ययनले समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटल तथा लजको संख्या र शैयाको संख्यामा क्रमश: १६.२१ प्रतिशत तथा १०.७८ प्रतिशतले वृद्धि भई क्रमश: १ हजार १ सय ११ र ३१ हजार ४ सय पुगेको छ । बढ्दो पर्यटन आगमन तथा पर्यटन वर्ष सन् २०११ को घोषणासँगै पर्यटन क्षेत्रको गतिविधिमा विस्तार हुन गई होटल तथा शैयाको संख्या वृद्धि हुँदै गएको हो ।




(ख) समीक्षा अवधिमा हवाईमार्गबाट नेपाल आउने पर्यटक संख्यामा २१.६१ प्रतिशतले वृद्धि भई ५ लाख ७ सय कायम भएको छ । गत अवधिमा यस्तो आगमन संख्या १२.८७ प्रतिशतले वृद्धि भएको थियो । यसमध्ये समीक्षा अवधिमा भारतीय पर्यटक संख्या ४०.९४ प्रतिशतले तथा तेस्रो मुलुकबाट आएका पर्यटक संख्या १५.९९ प्रतिशतले बढेको छ ।

(ग) भौगोलिक रुपमा हेर्दा हवाई तथा स्थलमार्गबाट नेपाल आउने पर्यटक आगमन संख्यामा अध्ययन गरिएका सवै क्षेत्रमा वृद्धि भएको छ भने पर्सा जिल्लामा ३४.२ प्रतिशतले घटेको छ । जसमध्ये समीक्षा अवधिमा विराटनगर क्षेत्रमा १० प्रतिशत, जनकपुर क्षेत्रमा ८७.९९ प्रतिशत, चित्तवन जिल्लाको सौराहामा १२.६२ प्रतिशत, सिद्धार्थनगर क्षेत्रमा २१.६१ प्रतिशत, पोखरा क्षेत्रमा ११.४३ प्रतिशत, नेपालगञ्ज क्षेत्रमा ४.५५ प्रतिशत र धनगढी क्षेत्रमा ४५.७३ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९.१, ९.२ र ९.३ मा उल्लेख गरिएको छ ।

**३.२ सार्वजनिक निर्माण, घरजग्गा तथा रियलस्टेट**

(क) समीक्षा अवधिमा अध्ययनले समेटेका जिल्लाको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा १६.८८ प्रतिशतले ह्रास आएको छ । गत अवधिमा यस्तो रजिष्ट्रेशन संख्यामा १२.६२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन राजस्व संकलनमा ३३.५३ प्रतिशतले ह्रास आई रू. ४ अर्ब २९ करोड ८२ लाखमा सिमित भएको छ । गत अवधिमा राजस्व संकलनमा सिमान्त ह्रास आएको थियो । नेपाल राष्ट्र बैंकले घरजग्गा क्षेत्रमा प्रवाह हुने कर्जाको सीमा निर्धारण गरेपश्चात् बैंक तथा वित्तीय संस्थाहरुले यसतर्फ प्रवाह हुने कर्जा क्रमशः घटाउँदै लगेका तथा विगत केही वर्षयता घरजग्गाको मूल्यमा भएको अस्वभाविक वृद्धिको कारण खरिदकर्ताको संख्या विस्तारै घट्न गई घरजग्गा कारोवार तथा मूल्यमा कमी आएकोले घरजग्गा रजिष्ट्रेशन संख्या एवं राजस्व संकलनमा गिरावट आएको हो । त्यस्तैगरी, घरजग्गा कारोवारमा आएको शिथिलतासँगै समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा १.८२ प्रतिशतले ह्रास आएको छ , जुन गत अवधिमा २.६९ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) क्षेत्रगत स्थितिको तुलना गर्दा समीक्षा अवधिमा धनगढी क्षेत्रमा घरजग्गा कारोवार र राजस्व संकलन दुवैमा क्रमशः १४.५५ प्रतिशत र ३८.१४ प्रतिशतले वृद्धि भएको छ । काठमाण्डौ क्षेत्रमा घरजग्गा कारोवार तथा राजस्व संकलन दुवैमा सबैभन्दा बढी क्रमशः ४०.६९ प्रतिशत र ४९.१८ प्रतिशतले ह्रास आएको छ । घरजग्गा कारोवार तथा राजस्व संकलन दुवैमा विराटनगर क्षेत्रमा क्रमशः ६ प्रतिशत र ३२ प्रतिशत, वीरगंज क्षेत्रमा १९.३४ प्रतिशत र २७.०४ प्रतिशत, सिद्धार्थनगर क्षेत्रमा ११.८८ प्रतिशत र २४.९६ प्रतिशत तथा पोखरा क्षेत्रमा २०.१५ प्रतिशत र ४५.८४ प्रतिशत ले ह्रास आएको छ । जनकपुर र नेपालगञ्ज क्षेत्रमा भने कारोबारमा क्रमशः ०.४३ प्रतिशत र १०.७८ प्रतिशतले ह्रास आएको भएतापनि राजस्व संकलनमा क्रमशः ७.७५ प्रतिशत र ३.६९ प्रतिशतले वृद्धि भएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १०.१, १०.२ र १०.३ मा उल्लेख गरिएको छ ।

**३.३ वित्तीय सेवा**

(क) आ.व. २०६७/६८ को अन्त्यसम्ममा अध्ययन क्षेत्रमा वाणिज्य बैंकका १०६६, विकास बैंकका ४६९, वित्त कम्पनीका २७६ तथा लघुवित्त विकास बैंकका २०१ गरी जम्मा २०१२ वटा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाका शाखाहरु छन्, जसमध्ये सबैभन्दा बढी काठमाण्डौ क्षेत्रमा ६७६ वटा रहेका छन् भने सबैभन्दा कम जनकपुर क्षेत्रमा ८८ वटा छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. क (अ) मा उल्लेख गरिएको छ ।

(ख) आ.व. २०६७/६८ को अन्त्यसम्ममा तथ्याङ्क संकलनमा समावेश गरिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले रू. ७ खर्ब २५ अर्ब ९१ करोड निक्षेप संकलन गरेका छन् जुन अघिल्लो आ.व.को तुलनामा १०.१५ प्रतिशतले बढी हो । अघिल्लो वर्ष यस क्षेत्रमा कुल रू. ६ खर्ब ५९ अर्ब निक्षेप संकलन भएको थियो । अध्ययन क्षेत्रभित्र वैकिङ्ग सेवामा भएको विस्तार, बैंक मार्फत् कारोवार गर्ने बढ्दो प्रचलन तथा रेमिट्यान्स आप्रवाहमा वृद्धिको कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) अध्ययन क्षेत्रमा आ.व. २०६७/६८ को अन्त्यसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले रू. ५ खर्ब ८६ अर्ब ५१ करोड कर्जा प्रवाह गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा १५.१८ प्रतिशतले बढी हो । गत आ.व. को अन्त्यसम्ममा यस्तो कर्जा प्रवाह २४.१० प्रतिशतले वृद्धि भएको थियो । खास गरी बैंक तथा वित्तीय संस्थाहरुले घरजग्गा शिर्षकमा प्रवाह गर्ने कर्जामा नेपाल राष्ट्र बैंकले सीमा तोकिदिएपछि त्यसतर्फ प्रवाह हुने कर्जा क्रमशः घट्दै गएकोले बैंक तथा वित्तीय संस्थाहरुको कुल कर्जा प्रवाहमा संकुचन आएको हो । समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको कर्जा/निक्षेप अनुपात ८१ प्रतिशत रहेको छ , जुन गत अवधिमा ७७ प्रतिशत रहेको थियो ।

क्षेत्रगत तथा समग्र निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका क (आ) मा दिईएको छ ।

(घ) काठमाण्डौ उपत्यकाका तीन जिल्लामा आ.व. २०६७/६८ को अन्त्यसम्ममा बैंक/वित्तीय संस्थाहरुको शाखा संख्या ५८८ रहेको छ जसमध्ये वाणिज्य बैंकको ३९२, विकास बैंकको ५९, वित्त कम्पनीको १२४ रहेको तथा लघु वित्त विकास बैंकको १३ छ । त्यस्तैगरी, समीक्षा अवधिसम्ममा काठमाण्डौ उपत्यकामा विभिन्न बैंक/वित्तीय संस्थाको ATM संख्या ३३.१६ प्रतिशतले वृद्धि भई ५०६ पुगेको छ । गत अवधिमा यस्तो संख्या ६६.६७ प्रतिशतले वृद्धि भएको थियो । वित्तीय सेवाको पहुँच विस्तारका साथै सर्वसाधारणको Banking Habit मा आएको परिवर्तन एवं बैंकहरुवीच वित्तीय सेवाको विस्तारमा भएको प्रतिस्पर्धाको कारण ATM संख्यामा दिनानुदिन वृद्धि हुँदै गएको छ ।

काठमाण्डौ उपत्यकाका तीन जिल्लामा आ.व. २०६७/६८ को अन्त्यसम्ममा बैंक/वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा ८.२२ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ९३ अर्ब २ करोड पुगेको छ भने कर्जा लगानीमा १३.७३ प्रतिशतले वृद्धि भई ३ खर्ब ७५ अर्ब ७२ करोड पुगेको छ । तथ्याङ्क संकलनमा संलग्न अध्ययन क्षेत्रका बैंक/वित्तीय संस्थाबाट संकलित कुल निक्षेप तथा कर्जा लगानीमा उपत्यकाको अंश सबैभन्दा बढी अर्थात् क्रमशः ६७.९२ प्रतिशत र ६४.०६ प्रतिशत रहेको छ । त्यस्तैगरी, उपत्यका बाहिरको क्षेत्रगत स्थिति तुलना गर्दा समीक्षा अवधिमा अध्ययन क्षेत्रमा संकलित कुल निक्षेपको सबैभन्दा बढी पोखरा क्षेत्रमा ७.८० प्रतिशत छ भने सबैभन्दा न्यून (१.३६ प्रतिशत) धनगढी क्षेत्रमा रहेको छ । अर्कोतर्फ, अध्ययन क्षेत्रका बैंक/वित्तीय संस्थाको कुल कर्जाको उपत्यका बाहिरका ७ वटा क्षेत्रमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रमा ९.९१ प्रतिशत रहेको छ भने धनगढी र जनकपुरमा क्रमशः १.१२ र १.३५ प्रतिशतमात्र छ ।

यस सम्बन्धी विस्तृत विवरण अनुसूचि ङ मा उल्लेख गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) आ.व. २०६७/६८ को अन्त्यसम्ममा अध्ययन क्षेत्रका ११ वटा अञ्चल कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका सवारी साधन संख्या अघिल्लो वर्षको तुलनामा १२.८१ प्रतिशतले वृद्धि भएको छ,

जसमध्ये मोटरसाईकलको संख्या १९.७४ प्रतिशत तथा अन्यको संख्या १०.६८ प्रतिशतले बढेको हो । त्यस्तैगरी, आ.व. २०६७/६८ को अन्त्यसम्ममा अध्ययन क्षेत्रमा १४ हजार ३ सय कि.मी. कच्ची तथा ५ हजार ६ सय कि.मी. पक्की गरी जम्मा सडकको लम्बाई १९ हजार ८ सय कि.मी. पुगेको छ ।

(ख) आ.व. २०६७/६८ को अन्त्यसम्ममा नेपाल टेलिकमले अध्ययन क्षेत्रका कार्यालयहरुबाट वितरण गरेको मोवाईल (सिडिएमएससमेत) को संख्या ४४ लाख १६ हजार ७ सय तथा ल्याण्ड लाईन टेलिफोनको संख्या ३ लाख ९९ हजार २ सय पुगेको छ ।

यस सम्बन्धी विवरण अनुसूचि क र ख मा उल्लेख गरिएको छ ।

### ३.५ शिक्षा तथा स्वास्थ्य

(क) शिक्षा विभाग, सानो ठिमी भक्तपुरबाट प्रकाशित Flash I - 2066 र 2067 को प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकको उपत्यका वाहिरका कार्यालयहरुबाट प्राप्त प्रतिवेदन अनुसार अध्ययन क्षेत्रमा प्राथमिकदेखि माध्यमिकतहसम्म सामुदायिक र संस्थागत गरी कुल २१ हजार ५ सय ५८ तथा उच्च माध्यमिक विद्यालयका १ हजार ६ सय ६८ गरी जम्मा २३ हजार २ सय २६ विद्यालयहरु संचालित छन् जसमा १ लाख ५९ हजार २ सय ६४ शिक्षक/शिक्षिकाहरु कार्यरत छन् । यी विद्यालयहरुलाई सामुदायिक तथा संस्थागतरुपमा वर्गिकरण गर्दा सामुदायिकले ७६.२१ प्रतिशत तथा संस्थागतले २१.९३ प्रतिशत हिस्सा ओगटेका छन् । त्यस्तैगरी आ.व. २०६७/६८ को अन्त्यसम्ममा अध्ययन क्षेत्रमा कुल ४८८ क्याम्पसहरु संचालित छन् । यीमध्ये ४२० वटा सरकारी तथा ६८ वटा संस्थागत क्याम्पसहरु छन् ।

(ख) शैक्षिक सत्र २०६७ को अन्त्यमा समग्र विद्यार्थी-शिक्षक अनुपात २८:१ रहेको छ, जसमध्ये सामुदायिक विद्यालयतर्फ ३४:१ र संस्थागत विद्यालयतर्फ १४:१ रहेको छ । गत शैक्षिक सत्रमा यस्तो अनुपात समग्रमा ३०:१ रहेको थियो भने सामुदायिक विद्यालयतर्फ ३६:१ र संस्थागत विद्यालयतर्फ १६:१ रहेको थियो ।

(ग) आ.व. २०६७/६८ को अन्त्यसम्ममा अध्ययन क्षेत्रमा सरकारी, सामुदायिक तथा निजी गरी कुल २५७ वटा अस्पतालहरु संचालित छन्, जसमा कुल २ हजार १ सय ५♣ जना चिकित्सकहरु कार्यरत छन् ।

यस सम्बन्धी विवरण अनुसूचि ग र घ मा उल्लेख गरिएको छ ।

**परिच्छेद ४**

# चुनौतीहरू

### ४.१ कृषि क्षेत्र

- अध्ययन क्षेत्रमा खेती गरिएको क्षेत्रफलको अधिकांश जमिनमा मौसममा आधारित कृषि प्रणाली विद्यमान रहेकोले सिंचाई सुविधाको अभावमा कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्ने समस्या रहेको छ ।
- उन्नत जातको विउ विजनको अभाव, रासायनिक मलको अपर्याप्त आपूर्ति तथा सरल एवं सहज कृषि कर्जाको अभाव अध्ययन क्षेत्रका कृषिसंग सम्बन्धित अन्य प्रमुख समस्याका रुपमा रहेका छन् ।
- श्रमशक्ति स्थानान्तरण, वैदेशिक रोजगारमा जाने प्रवृत्ति आदिबाट ग्रामीण क्षेत्रमा श्रमशक्तिको अभावका साथै ज्यालादर वर्षेनी बढ्दै जाने गरेको कारण जमिन बाँझो रहने तथा समयमा बालीहरु लगाउन समस्या रहेको छ ।

♣ चिकित्सकहरुको संख्यामा सरकारी अस्पतालका चिकित्सक मात्र रहेको तथा विराटनगर, जनकपुर र पोखरा क्षेत्रको तथ्याङ्क समावेश नभएको ।

- व्यासायिक खेती गर्न कृषकहरुलाई प्रोत्साहन नहुनु, कृषि सम्बन्धी अध्ययन अनुसन्धान पर्याप्त नहुनु तथा निजी क्षेत्र अझै पनि व्यावसायिक रुपमा यस क्षेत्रमा प्रवेश गर्न नसक्नु यस क्षेत्रको अन्य समस्याका रुपमा रहेका छन् ।
- देशका शहरी क्षेत्रका खेतीयोग्य समथर उर्वर भूमी आवासीय घडेरीमा खण्डीकृत गर्ने प्रचलन द्रुत रुपमा बढ्दै गएकोले उर्वर जमिनको परिमाण घट्दै गइरहेका छन् ।
- बाली बीमाको अभाव, कृषि उत्पादनको बजार अभाव, परिवहनको समस्या तथा उत्पादित वस्तु विक्री नभए न्यूनतम वजार मूल्यमा सरकारले खरिद गर्ने नीति (buy-back guarantee and minimum price policy) नभएकोले कृषि पेशा अझैपनि आकर्षित बन्न सकेको छैन ।

## ४.२ उद्योग क्षेत्र

- मुलुकमा विद्यमान राजनैतिक अस्थिरता, कमजोर शान्ति सुरक्षा एवं श्रम सम्बन्धका कारण औद्योगिक क्षेत्रले अपेक्षित रुपमा उपलव्धि हासिल गर्न सकेको छैन । बजारको प्रचुर सम्भावनाको वावजुद उत्पादनमूलक उद्योगहरु पूर्ण क्षमतामा चल्न सकेका छैनन् । सरकारले औद्योगिक क्षेत्रलाई प्राथमिक एजेण्डामा राख्न तथा यसका लागि पर्याप्त रुपमा लगानी-मैत्री वातावरणको सृजना गर्न नसकेको उद्योगी व्यवसायीहरुको गुनासो रहेको छ ।
- कमजोर श्रम सम्बन्धका कारण विभिन्न मजदुर संगठनहरुले समय समयमा उठाएका मागहरु सम्बोधन गर्ने सम्बन्धमा सहमति हुन नसक्दा उद्योगहरुमा बन्द/हड्ताल हुने समस्या एकातिर छ भने युवाहरु कामको खोजीमा खाडी मुलुक तथा मलेशिया प्रस्थान गर्नाले स्थानीय उद्योगमा मजदुर अभाव भई उद्योगले क्षमताभन्दा कम उत्पादन गर्नु पर्ने अवस्था देखिन थालेको छ ।
- बढ्दो लागत एवं कम गुणस्तरका कारण स्थानीय उत्पादनले सस्तो मूल्यमा प्राप्त हुने चिनीयाँ एवं भारतीय सामानसँग प्रतिस्पर्धा गर्न नसकेको तथा विद्यमान कर प्रणालीको कारण उत्पादनभन्दा व्यापार तर्फ आकर्षण बढ्दै गएको सम्बन्धित उद्योगी व्यापारीहरुको गुनासो छ ।

## ४.३ सेवा क्षेत्र

- सेवा क्षेत्र अन्तर्गत पर्यटन विकासको प्रचुर संभावनाको वावजुद अपेक्षित उपलब्धिहरु हासिल हुन सकेका छैनन् । खासगरी काठमाण्डौ उपत्यका, पोखरा लगायतका सिमित स्थानहरुमा पर्यटन विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु अघि सारिएका भए पनि यसलाई देशका अन्य सम्भाव्य स्थानहरुसम्म पु¥याउन सकिएको छैन ।
- अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा मात्र हुनु, उपत्यका र पोखरा वाहेकका स्थानमा पर्यटकस्तरीय होटल पर्याप्त नहुनु, यातायात सुविधा एवं भौतिक पूर्वाधारहरु भरपर्दो एवं विश्वसनीय नहुनु जस्ता समस्याहरु विद्यमान छन् ।
- निजी क्षेत्रका बैंक/वित्तीय संस्थाहरुका सेवाहरु विकेन्द्रित हुँदै गइरहेको परिप्रेक्ष्यमा अधिकांश कर्जा लगानी भने केन्द्रीय/कर्पोरेट कार्यालयबाट मात्र हुने गरेको र शाखा/जिल्ला कार्यालयहरुबाट निक्षेप संकलनको कार्यमा जोड दिने गर्नाले क्षेत्रीय कर्जा/निक्षेप अनुपातमा असन्तुलन हुनुका साथै स्थानीय वित्तीय श्रोतको लगानी अन्यत्र स्थानमा हुने गरेको छ ।
- अध्ययन क्षेत्रका बैंकहरुको कर्जा लगानीका क्षेत्र साँघुरिदै गएको छ भने नयाँ क्षेत्रहरुको पहिचान गर्न नसक्नु, घर जग्गामा बढी लगानी केन्द्रीत हुनु तथा शहरी क्षेत्रमा अत्याधिक बैंक तथा वित्तीय संस्था भएको कारण अस्वस्थ प्रतिस्पर्धा बढ्दै जानु प्रमुख समस्याका रुपमा रहेका छन् ।
- अध्ययन क्षेत्रका शहरोन्मुख तथा ग्रामीण भेगका लघु वित्त क्षेत्रमा काम गर्ने बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरुको संख्या तथा कारोबारमा उल्लेखनीय बिस्तार भईरहेतापनि यस्ता संस्थाहरुको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने प्रभावकारी संयन्त्रको अभाव देखिन्छ ।

- स्वास्थ्य संस्था एवं शिक्षण संस्थाहरुको उपस्थिति मुख्य शहरी क्षेत्रमा बाक्लै भएतापनि साना शहर तथा ग्रामीण भेगमा नगन्य मात्रामा भएकोले गुणस्तरीय स्वास्थ्य सेवा तथा प्राविधिक शिक्षाका लागि विराटनगर, काठमाण्डौ, पोखरा लगायतका मुख्य मुख्य शहर धाउनु पर्ने वाध्यता रहेको छ ।
- सरकारी विद्यालयले विद्यार्थी भर्ना संख्याको आधारमा अनुदान एवं सहयोग पाउने व्यवस्था भएका कारण भर्नासंख्या ज्यादा देखाउन अस्वस्थ भर्ना प्रक्रियाले प्रश्रय पाउँदै आएको छ । खासगरी तराई क्षेत्रका विभिन्न विद्यालयहरुमा यस किसिमको प्रवृत्ति रहने गरेको देखिन्छ । तराई क्षेत्रका कतिपय नयाँ विषय र गुणस्तरीय अध्ययनका लाीग राजधानीतर्फ जाने विद्यार्थीको ठूलो समूह पनि भारततर्फ जाने प्रवृत्ति अझै पनि देखिदै गएको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- अध्ययन क्षेत्रका ग्रामीण भेगमा अवैज्ञानिक कच्ची सडक विस्तारले भूक्षय तथा पर्यावरणीय असन्तुलन गराउन सहयोग पुऱ्याएको तथा गाऊँ गाऊँमा व्यापक रुपमा कच्ची सडकको विस्तार भएपनि त्यसको स्तरोन्नतिमा खासै ध्यान नपुगेको कारण वर्षा याममा उक्त सडकको उपयोग हुन नसक्नुका साथै यसबाट बर्सेनी सडक दुर्घटनामा समेत वृद्धि हुंदै गइरहेको छ ।
- सडक, ढल, खानेपानी जस्ता मुख्य पूर्वाधार निर्माण, मर्मत संभार तथा हेरचाह गर्न सम्बन्धित नेपाल सरकारका कार्यालयहरु जस्तै; सडक विभाग, नगरपालिका, जिल्ला विकास समिति तथा खानेपानी संस्थान बीच समन्वयको अभाव रहेको छ । उदाहरणका लागि जिल्ला विकास समिति र डिभिजन सडक कार्यालयवीच समन्वयको अभावले एक-अर्काको प्राथमिकताका सडकहरु फरक परी स्तरोन्नतिमा समस्या हुने गरेको प्राविधिकहरुको गुनासो छ ।
- संचार क्षेत्रको विकास सन्तोषजनक रहेतापनि विद्युत आपूर्ति कटौतीका कारण उद्योगहरु सञ्चालन गर्न तथा दैनिक घरायसी उपभोगमा समेत समस्या रहेको छ ।

## ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार

- राजस्व छली, न्यून विजकीकरण तथा आयकर संकलनका सम्बन्धमा अझै सम्बोधन हुन नसकेका कतिपय विषयहरु (जस्तै घरवहाल कर, सम्पत्ति कर आदि)ले गर्दा आयकरको दायरा फराकिलो हुन नसक्नुका साथै लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेको अवस्था विद्यमान छ ।
- विकास आयोजनाहरुमा सामान्यतः बजेट रकमको खर्च प्रतिशतको आधारमा कार्यप्रगति मापन गर्ने प्रणाली देखिएको कुरा जिल्लास्थित सरोकारवालाहरुसँगको छलफलबाट जानकारीमा आएको छ । यसले गर्दा काममा नतिजाभन्दा पनि प्रक्रिया र बजेट खर्च गर्नमा बढी जोड दिने गरिएकोले कामको गुणस्तर कायम हुन नसक्ने परिस्थित सिर्जना भएको सरोकारवालाहरुको गुनासो छ ।

- विगतका आर्थिक वर्षहरुमा बजेट समयमै आउन नसक्नु तथा स्थानीय निकायमा जनप्रतिनिधि नभएकाले समयमै कार्यक्रम स्वीकृत हुन नसक्दा ठेक्का पट्टा एवं खरीद प्रक्रिया ढिलो हुन गई विकास आयोजना संचालनमा अवरोध सृजना हुने गरेको छ ।

- भन्सार कार्यालयहरुको भौतिक पूर्वाधार एवं प्रविधि समय सुहाउँदो नभएको तथा सिद्धार्थनगरको बेलहिया, नेपालगञ्जको रुपडिया लगायतका नाकाहरुमा लामो समयदेखि निर्माण हुने भनिएको सुख्खा बन्दरगाहको निर्माणमा अझै ठोस प्रगति हुन नसक्दा आयात निर्यात प्रक्रिया व्यवस्थित नहुने तथा यसबाट अवैध व्यापारलाई समेत सहयोग पुग्ने देखिन्छ ।

*****